का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ पुस २०७९,
बिहीबार
5 January 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३२० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रदेशमा नयाँ समीकरणको प्रयास

नयाँ राजनीतिक समीकरण बनेपछि संघीय सरकारबाट बाहिरिएको नेपाली कांग्रेस केही प्रदेशमा सरकार बनाएर त्यसमार्फत बदला लिने प्रयासमा छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० पुस ।

नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाएर चुनावी गठबन्धनलाई निरन्तरता दिने विकल्पमा कांग्रेसले छलफल गर्ने समय नै पाएन ।

'ठूलो दलका रुपमा कांग्रेसले प्रधानमन्त्रीमा दाबी गर्नु स्वभाविक थियो । तर, कांग्रेसले प्रचण्डलाई नेतृत्व दिएर गठबन्धन निरन्तरता दिने विकल्पमा छलफल गर्ने समय नै पाएन' बुधबार पार्टीले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले भने । यसकारण चुनावी गठबन्धन तोडिनुमा कांग्रेसको दोष नभएको डा. महतको दाबी छ ।

अहिलेको सत्तारुढ गठबन्धन पनि अवसर केन्द्रित गठबन्धन भएकाले लामो समय नटिक्ने उनको आँकलन छ । गठबन्धनका दलहरुमा कसले ठूलो जिम्मेवारी पाउने भन्ने विषयमा प्रतिस्पर्धा चलेको भन्दै यो गठबन्धन आफ्नै बोझबाट थिचिएको बताए । 'यस्तो विरोधाभासपूर्ण अवस्था छ, त्यो बोझबाट नै यो गठबन्धन आयु छोटिन सक्ने प्रशस्त सम्भावना छ ।' उनले भने ।

संघीय सरकार बनाएको गठबन्धन लामो समय नजाने आँकलन गरिरहेको कांग्रेसले प्रदेशमा नयाँ समीकरणको प्रयास पनि गरेको छ । नयाँ राजनीतिक समीकरण बनेपछि संघीय सरकारबाट बाहिरिएको कांग्रेसले केही प्रदेशमा सरकार बनाएर त्यसमार्फत बदला लिने प्रयास गरेको हो । कांग्रेस नेताहरुका अनुसार यस्तो प्रयासलाई एकीकृत समाजवादी, जसपा र नागरिक उन्मुक्ति पार्टीको साथ रहन सक्छ ।

एकीकृत समाजवादी र जसपा संघीय सरकारमा सहभागी भएका छैनन् । सम्मानजनक पावर सेयरिङ हुनुपर्ने उनीहरुको सर्त छ । संघीय सरकारमा सहभागी भएका एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टीका बीचमा भागवण्डा पुर्याउँदै एकीकृत समाजवादी र जसपालाई पनि उनीहरुकै भाषामा सम्मानजनक भाग दिनुपर्छ । जसपाले उपराष्ट्रपति सहित संघीय सरकारमा ४ मन्त्रालय दाबी गरेको छ । रास्वपाले उपसभामुखसहित ५ मन्त्रालय दाबी गरेको छ । एकीकृत समाजवादीले राष्ट्रपतिसहित ४ मन्त्रालय दाबी गरेको छ ।

एमाले र माओवादीबीच प्रधानमन्त्रीमा आधा/आधा कार्यकाल नेतृत्व गर्ने, एमाल राष्ट्रपतिले लिने, उपराष्ट्रपति माओवादीले लिने, सभामुखमा एमाले र माओवादीले आधा/आधा कार्याकाल नेतृत्व गर्ने, उपसभामुख माओवादीले लिने सहमति छ । प्रदेशतर्फ ४ वटा प्रदेश सरकारको नेतृत्व एमालेले लिने, २ वटा प्रदेश सरकारको नेतृत्व माओवादीले लिने र मधेश प्रदेशमा जसपा र जनमत पार्टीलाई आधा/आधा कार्यकाल नेतृत्व गर्न दिने सहमति छ ।

यो भागवण्डमा आफूहरुलाई उचित स्थान नदिएको भन्दै एकीकृत समाजवादी, जसपा र नागरिक उन्मुक्ति पार्टी संघीय सरकारमा सहभागी भएको छैन् । यही मौकाको फाइदा उठाउँदै कांग्रेसले एकीकृत समाजवादी, जसपा र नाउपाको समर्थनमा सरकार बनाउन सक्ने प्रदेशहरुका सन्दर्भमा गृहकार्य अगाडि बढाएको हो ।

लुम्बिनी प्रदेशमा केन्द्रको सत्ता गठबन्धन भत्काएर नयाँ गठबन्धन बनाउने कसरतमा कांग्रेस खुलेरै लागेको छ ।

– बाँकी पृष्ठ २ मा

> गठबन्धनका दलहरुमा कसले ठूलो जिम्मेवारी पाउने भन्ने विषयमा प्रतिस्पर्धा चलेको छ । यो गठबन्धन आफ्नै बोझबाट थिचिएकाले विरोधाभासपूर्ण अवस्था छ । त्यो बोझबाट नै यो गठबन्धनको आयु छोटिन सक्ने प्रशस्त सम्भावना छ ।
>
> **डा. प्रकाशशरण महत**
> प्रवक्ता, नेपाली कांग्रेस



**नयाँ संसद**

## प्राथमिकतामा के ?

नागरिकता विधेयक, संघीय निजामती विधेयक, र संक्रमणकालीन न्यायसम्बन्धी विधेयक, प्रदेशमा प्रहरी समायोजन र अध्यागनम सम्बन्धी विधेयकलाई प्राथमिकताका साथ अघि बढाईनुपर्ने विज्ञहरु बताउँछन् ।





> प्रतिनिधिसभामा निष्क्रिय भएका विधेयकलाई पहिलो प्राथमिकता दिनुपर्छ । राष्ट्रिय सभामा विचाराधीनलाई पारित गरेर छिटो प्रतिनिधिसभामा पठाउनुपर्छ । केही नपुग ऐन अगाडि बढाउनुपर्छ ।
>
> **रामनारायण बिडारी**
> कानूनविज्ञ



> सरकारले नागरिकता विधेयकलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ, त्यससँगै, संक्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माण, निजामती विधेयक र जनजीविकाका सवाललाई प्रमुख महत्वका साथ अघि बढाउनुपर्छ ।
>
> **शेरबहादुर तामाङ**
> पूर्व कानूनमन्त्री

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० पुस ।

गत मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनको पूर्ण मतपरिणाम आएसँगै संसदको नयाँ अधिवेशन सुचारु भएको छ । गत पुस २५ गते नयाँ संसदको पहिलो बैठक बसी नवनियुक्त सांसदको शपथग्रहण र कानून निर्माणको तयारी सुरु भएको छ । अघिल्लो संसदमा पास हुन नसकेका र विवादित बनेका धेरै कानूनहरुलाई प्राथमिकतामा राखेर अघि बढाउनुपर्नेमा विधायिकाहरुको जोड छ । जसमा नागरिकता विधेयक, संघीय निजामती विधेयक, र संक्रमणकालीन न्यायसम्बन्धी विधेयक, प्रदेशमा प्रहरी समायोजन र अध्यागनम सम्बन्धी विधेयकलाई प्राथमिकताका साथ अघि बढाईनुपर्ने विज्ञहरु बताउँछन् ।

'सरकारले नागरिकता विधेयकलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ, त्यससँगै, संक्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माण, निजामती विधेयक र जनजीविकाका सवाललाई प्रमुख महत्वका साथ अघि बढाउनुपर्छ,' पूर्व कानूनमन्त्री शेरबहादुर तामाङले भने । उनले निष्क्रिय भएका कानुन र साझा सूचीका कानून निर्माणमा सरकारले ध्यान दिनुपर्ने बताएका हुन् ।

'प्रतिनिधिसभामा निष्क्रिय भएका विधेयकलाई पहिलो प्राथमिकता दिनुपर्छ । राष्ट्रिय सभामा विचाराधीनलाई पारित गरेर छिटो प्रतिनिधिसभामा पठाउनुपर्छ । केही नपुग ऐन अगाडि बढाउनुपर्छ,' कानुनविज्ञ एवं माओवादी केन्द्रका नेता रामनारायण बिडारीले भने । उनले स्वास्थ्य, शिक्षा, सडक, खानेपानी तथा मौलिक अधिकारसँग सम्बन्धित कानुनहरू संशोधन गरेर अघि बढ्नुपर्ने बताएका छन् ।

यता, संसद् सचिवालयले भने अधिवेशन राष्ट्रिय सभामा उत्पत्ति भई विचाराधीन १३ विधेयक अगाडि बढाउने तयारी गरेको

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ह्वात्तै बढे संघ निर्वाचनका आकांक्षीहरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका आकांक्षीहरु आफ्नो उम्मेदवारी सुनिश्चितताका लागि तीव्र लविङमा देखिएका छन् । नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले आकांक्षीहरुको दबाबका कारणले उम्मेदवारी टुंगो लगाउन सकेको छैन ।

एशोसिएसनले अध्यक्ष बाहेक अन्य पदाधिकारीका लागि निर्वाचनमा उम्मेदवार हुन चाहने आकांक्षीहरुलाई बिहीबार साँझ ५ बजेसम्म एशोसिएसनलाई बुझाउन बाँकी लेभी (सदस्यता शुल्क) बुझाएको रसिदसहितको लिखित निवेदन दिन समय दिइएको छ ।

संघको विधानअनुसार अध्यक्ष बाहेक तीन उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षसहित ६ पदाधिकारी रहेका छन् । उम्मेदवार छनोट समितिका सदस्य नरेन्द्र प्रसाद ढकालले आकांक्षीहरुको निवेदनपछि छलफल गरेर आइतबारसम्म उम्मेदवारको टुंगो लगाउने बताए ।

एशोसिएसनका तर्फबाट अध्यक्ष कुमुद खनाल, पूर्व द्वितीय उपाध्यक्षद्वय भुवनसिं गुरुङ, कमलदेव मल्ल, महासचिव सुजितकुमार श्रेष्ठ अध्यक्षका दावेदार रहेका छन् । सबै आकांक्षीले जोडतोडले आफ्नो पक्षमा निर्णय हुनुपर्ने लविङ जारी राखेको कारणले उम्मेदवार छनोट समितिलाई सकस

– बाँकी पृष्ठ २ मा


## नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण

नेपाल सरकारले बनाएको मौसमी कामदार व्यवस्थापन निर्देशिका २०७९ सम्बन्धमा यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । यो निर्देशिका आफैंमा दोहोरो अर्थ लाग्ने र अस्पष्ट भएको हुनाले नेपाल सरकारले के गर्न खोजेको भन्ने कुरा नै अस्पष्ट र भ्रमपूर्ण देखिन्छ । मागपत्र प्रमाणीकरणका लागि सम्बन्धित नेपाली कुटनैतिक नियोगमा आवेदन दिने काममा वैदेशिक रोजगार व्यवसायीको भूमिका प्रस्ट पारिएको छैन । स्थानीय निकायलाई अधिकार दिएको, तर स्थानीय निकायहरूले विदेशबाट मागपत्र ल्याउने दक्षता नहुँदा अवाञ्छित बिचौलिया र मानव तस्करहरूले नाजायज फाइदा उठाउन सक्ने र गम्भीर आर्थिक, सामाजिक तथा पारिवारिक विचलन ल्याउन यस निर्देशिकाले ठाँउ दिएकाले यो निर्देशिकालाई तत्कालै खारेज गरी हाम्रो समेत परार्मशमा अर्को उपयुक्त निर्देशिका बनाउन माग गर्दछौं ।

वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउन हामी सधैं नेपाल सरकारको साथमा नै छौं । तर कानूनबमोजिम दर्ता भएर नेपाल सरकारबाट नै इजाजतपत्र प्राप्त गरी ठूलो रकम धरौटी राखी कानूनबमोजिम वैदेशिक रोजगार व्यवसाय गरिरहेको व्यवसायीहरूलाई अविश्वास गरी अन्य अनुत्तरदायी तेश्रो पक्षलाई स्थानीय तहदेखि नै वैदेशिक रोजगारीको व्यवसायमा स्थान दिनु मुलुकका लागि गम्भीर संकट निम्त्याउनु हो भन्ने यस एशोसिएसनको ठहर छ । तसर्थ उक्त त्रुटीपूर्ण निर्देशिकालाई तत्कालै खारेज गरी उपयुक्त निर्देशिका पुनः जारी गर्न नेपाल सरकार र सबै सरोकारवालाहरूलाई अपिल समेत गर्दछौं ।

साथै विगतमा पनि इजरायल, कोरिया, जापान र अन्य देशहरूमा नेपाल सरकारले आफैं वैदेशिक रोजगारमा पठाउने काम गरिरहेको अवस्थामा स्थानीय तहलाई पनि वैदेशिक रोजगारीमा समावेश गर्ने हो भने समग्र वैदेशिक रोजगार व्यवसाय नै धराशायी हुने हुँदा सरकारले नै इजाजत दिने, ठूलो रकम धरौटी राख्न लगाउने र व्यवसायीको संरक्षण नगर्ने सरकारी नीति पनि त्रुटीपूर्ण भएकाले यस सम्बन्धमा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

**कुमुद खनाल**
अध्यक्ष
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com



## प्रेस विज्ञप्ति

व्यक्तिको अनुमति, व्यक्तिगत गोपनीयता र प्रतिष्ठामा असर पर्ने गरी कुनै प्रकारको तस्विर लिन र सामाजिक सञ्जालमा प्रकाशन गर्न रोक लगाउँदै मिति २०७८।१०।१३ गते नेपाल सरकार गृह मन्त्रालयले विज्ञप्ति प्रकाशन गरेको र विद्यमान कानूनले पनि यस्तो कामलाई दण्डनीय बनाइरहेको अवस्थामा वैदेशिक रोजगार व्यवसायीहरूलाई विभिन्न युट्युबर नामक व्यक्तिहरूले अनधिकृत फोटो, भिडियो खिच्ने युट्युबमा राख्ने, गाली बेइज्जत तथा इज्जत प्रतिष्ठामा आँच आउने, कुटपिट र कार्यालय तोडफोड गर्ने काम गरीरहेका हुँदा यस्ता गतिविधिहरूलाई तत्कालै रोक्न र गरेकालाई कानूनी कारबाही गर्न नेपाल पत्रकार महासंघ, जिल्ला प्रशासन कार्यालय, नेपाल सरकारलगायत सम्बन्धित सबै निकायलाई अनुरोध गर्दछौं ।

**कुमुद खनाल**
अध्यक्ष
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८
ईमेलः ndfeefforum@gmail.com



सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्यान्डिडेट र व्यक्तिहरुको लागि

**तालिम खुल्यो**

कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन

विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था

**माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर,** बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नः ०१-४९८७४०५

मध्यान्ह

www.madhyanhadaily.com

२१ पुस २०७९, बिहीबार
5 January 2023, Thursday

आश्रय सुधार केन्द्र

# पाँच महिनामा २२ जनाले पाए नयाँ जीवन

तेजबहनदुर बन/मध्यान्ह
इटहरी, २० पुस

झापाको चन्द्रगढी घर भएका ३५ वर्षीय रमेश नेपाली (नाम परिवर्तन) अहिले समाजमा नयाँ नामले परिचित छन् । एक महिना अगाडिसम्म उनलाई गाउँका र घरकै मान्छेले पनि गन्दैनथ्ये । लागुऔषधको कुलतमा फसेको कारण उनलाई समाजले र घर परिवारले रूचाउँदैन थिए । खराब कुलतकै कारण परिवारसँग सम्बन्ध चिसिएका नेपालीको अन्ततः श्रीमतीसँग पनि छोडपत्र भयो ।

घरको जेठो छोरादेखि हार खाइसकेका अभिभावकले उनलाई मोरङको सुन्दरहरैंचा ३ स्थित आश्रय सुधार केन्द्र राख्ने निर्णय गरे । तीन महिना पछि सुधारगृहबाट घर फर्किएका रमेश अहिले चन्द्रगढीमा कपडा व्यवसाय गर्दै आएका छन् । हिजोसम्म लागुऔषध जस्तो खराब कुलतमा फसेका नेपाली आज सोहि स्थानमा व्यवसायी भएर निस्किएका छन् । त्यस्तै सुन्दरहरैंचाका २३ वर्षीय कमल न्यौपाने (नाम परिवर्तन) दुर्व्यसनीमा फसेपछि परिवारले घरबाटै निकालिदिए । पटक-पटक सम्झाउँदा पनि नमानेपछि अभिभावकले नै प्रहरीलाई बुझाए । १५ दिन प्रहरी थुनुवा कक्षमा बसेर घर फर्केका कमलको बानी व्यवहरामा कुनै परिवर्तन नदेखे पछि परिवारका सदस्यहरुले दिक्क भएर उनलाई घरबाटै निकाला गरिदिए ।

मादक पदार्थ सेवन गरेर बाटोमा लडेको देखेपछि आफन्तले सुन्दरहरैंचास्थित आश्रय सुधार केन्द्रमा ल्याएर राखिदिए । करिब २ महिना पछि सुधारगृहबाट निस्किएका कमल अहिले सुन्दरहरेंचाकै एक ग्यारेजमा काम गरेर राम्रो आम्दानी गर्न थालेका छन् । पहिला खराब कुलतमा फस्दा घरपरिवारबाटै निकाला गरिएका कमल अहिले परिवारबाटै माया पाउँन थालेका छन् । पारिवारिक स्रोतका अनुसार अहिले उनको विवाहको तयारी भइरहेको छ । माथि प्रस्तुत गरिएको विवरण सत्य घटनामा आधारित हो । खराब कुलतमा लाग्दा समाज र घरपरिवारबाटै बिस्थापित हुँदा नर्कीय जीवन जिउँन बाध्य भएका दुवै जनाले सुधार केन्द्रबाट नयाँ जीवन पाएपछि हाँसीखुशी जिन्दगी चलाइरहेका छन् । उनीहरू दुवैजनाले आश्रय सुधारकेन्द्रप्रति आभार प्रकट गरेका छन् ।

यसैबीच मोरङको सुन्दरहरैंचा ३ स्थित आश्रय सुधार केन्द्रले स्थापनाको पाँच महिनामै २२ जनालाई नयाँ जीवन प्रदान गरेको छ । लागुऔषध दुर्व्यसनी तथा मादक पदार्थ सेवन गर्दै समाजमा नकरात्मक क्रियाकलापतर्फ उत्साहित भएका युवाहरूलाई कुलतबाट टाढा राख्न स्थापना गरिएको सुधार केन्द्रले ५ महिनामा २२ जनालाइ नयाँ जीवन प्रदान गरेको जनाएको छ ।

## प्रदेशमा...

जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टीका नेताहरुले कांग्रेसले नयाँ गठबन्धन बनाएर सरकार चलाउने प्रस्ताव र छलफल गरेको स्वीकार गरे ।

जनमत पार्टी लुम्बिनी संसदीय दलका नेता चन्द्रकेश गुप्ताले निवर्तमान गृहमन्त्री बालकृष्ण खाँण र कांग्रेस महामन्त्री गगन थापासहितका नेताहरु २ दिनसम्म रुपन्देहीमा बसेर कांग्रेसको नेतृत्वमा सरकार बनाउन बहुमत जुटाउने प्रयास गरेको दावी गरे । 'निवर्तमान गृहमन्त्री र गगन थापाहरु आएर केन्द्रको गठबन्धन भत्काउन २ दिनसम्म ठूलै कसरत गरे,' गुप्ताले भने, 'अर्को गठबन्धन गरेर सरकार बनाऔं भन्ने प्रस्ताव आएको थियो, छलफल पनि भइरहेको छ ।' सत्ता गठबन्धनमा रहेका ६ दलमा ५२ जना सांसद रहेका छन् । यदि जसपा, जनमत र नागरिक उन्मुक्तिले नयाँ गठबन्धन रोजेको खण्डमा गठबन्धनलाई वहुमतका लागि २ सिट अपुग हुन्छ । तर स्वतन्त्र ३ सांसदको समर्थन पाएको खण्डमा भने ४५ सांसद सहित बहुमत पुग्छ । लुम्बिनीमा नेकपा एमालेले २९, नेपाली कांग्रेसले २७, माओवादी केन्द्रले ९, नागरिक उन्मुक्ति र राप्रपाले ४/४ सिट जितेका छन् । जसपा, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमतले ३/३, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाले एक-एक सिट तथा माओवादी केन्द्रका बागी (स्वतन्त्र) ले ३ सिट जितेका छन् । यद्यपि रोल्पा १ (२)बाट विजयी दीपेन्द्र कुमार पुनमगर भने पुनः माओवादी केन्द्रमै फर्किसकेका छन् । लुम्बिनीमा जस्तै प्रयास सुदूरपश्चिम प्रदेशमा पनि चलिरहेको छ । सुदूरपश्चिम प्रदेश प्रमुख देवराज जोशीले सरकार गठनका लागि आव्हान गरिसकेका छन् । उनले सात दिनको समय सीमा राखेर आव्हान गरेका हुन् । मुख्यमन्त्री नियुक्तिका लागि पुस २७ गते साँझ ५ बजेसम्मको समय निर्धारण गरिएको छ ।

५३ सदस्य रहेको सुदूरपश्चिम प्रदेशसभामा बहुमतका लागि २७ सांसद चाहिन्छ । यहाँ कांग्रेसका १९, माओवादी केन्द्रका ११, एमालेका १०, नागरिक उन्मुक्तिका ७ नेकपा एकीकृत समाजवादीका ४ राप्रपाका एक र स्वतन्त्र एक सांसद छन् । यो प्रदेशमा पनि एमाले र माओवादी बाहेकका दलहरुको समिकरण बनाएर सरकार बनाउने प्रयास कांग्रेसले गरिरहेको छ । यता, १०७ सदस्यीय मधेस प्रदेश सभामा ६४ प्रत्यक्ष र ४३ समानुपातिक सिट छन् । सरकार बनाउन ५४ सिट आवश्यक पर्छ ।

सबैभन्दा धेरै २३ सिट रहेको एमाले प्रदेशमा सबैभन्दा ठूलो दल हो । यहाँ जसपाको १६ र जनमतको १३ सिट छ । यसबाहेक माओवादीका नौ, राप्रपाका एक र नागरिक उन्मुक्तिका एक सांसद छन् । सबैको जोड्दा सत्तागठबन्धनको कुल संख्या ६३ पुग्छ । जसपा वा जनमत एउटा मात्र पनि बाहिर भए मधेसमा सत्तागठबन्धनको सरकारका लागि बहुमत जुटाउन कठिन हुन्छ । गठबन्धनभित्र जसपा र जनमतबीच द्वन्द्व देखिँदा भने सरकार निर्माणको अंकगणित हेरफेर हुन सक्छ ।

मधेस प्रदेशको सरकार नेतृत्वलाई लिएर सत्तागठबन्धनभित्र द्वन्द्व उत्पन्न हुँदै गर्दा प्रतिपक्षी दल कांग्रेसले वैकल्पिक गठबन्धनको गृहकार्य सुरु गरेको छ । केन्द्रमा आफूलाई धोका दिँदै नयाँ राजनीतिक समीकरण बनेको भन्दै कांग्रेस मधेस प्रदेशमार्फत त्यसको बदला लिने दाउमा छ । स्रोतका अनुसार मधेसमा नयाँ गठबन्धन बनाउन कांग्रेस जनमतलाई मुख्यमन्त्री दिन तयार भएको छ । सोहीअनुसार कांग्रेस जनमत, लोसपा, एकीकृत समाजवादी, तीन स्वतन्त्र सांसद लिएर वैकल्पिक गठबन्धनको गृहकार्यमा छ । कांग्रेसले आफ्ना २२ सांसदसहित जनमतका १३, लोसपाका नौ, एकीकृत समाजवादीका सात र तीन स्वतन्त्र सांसद जोड्दा बहुमतका लागि चाहिने ५४ सांसद जुटाउन सक्छ । तर, यो सहज समीकरण होइन ।

## नयाँ ...

छ । कार्यव्यवस्था तथा परामर्श समितिसँग समन्वय गरेर राष्ट्रिय सभामा विचाराधीन विधेयक अगाडि बढाइने र निष्क्रिय भएका विधेयकलाई प्रक्रियामा लैजाने तयारी थालेका बताएको छ । हाल प्रतिनिधिसभा प्रतिनिधिसभामा निष्क्रिय भएका विधेयक २८ रहेका छन् भने राष्ट्रिय सभामा विचाराधीन विधेयक १३ वटा रहेका छन् । निष्क्रिय भएका विधेयकमा नेपाल नागरिकता ऐन, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रिय मानव अधिकार आयोग (पहिलो संशोधन) विधेयक र कर्जा सूचना विधेयक आदि रहेका छन् भने विचाराधीनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, अध्यागमन विधेयक, अनुगमन तथा मूल्यांकन विधेयक र प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक आदि रहेका छन् । अघिल्लो प्रतिनिधिसभाले नागरिकता विधेयक, सत्य निरुपण तथा मेलमिलाप आयोग (टिआरसी) (तेस्रो संशोधन) विधेयक, प्रतिनिधिसभाको कार्यकाल तोक्ने लगायत विषयमा अन्तिम कानून बनाउने तयारी गरेपनि दलहरूबीच सहमति नजुट्दा धेरै विधेयक निष्क्रिय भएका थिए । अब, बस्ने संसदले चर्चामा रहेका केही विधेयक सहित नयाँ कानून निर्माणलाई प्राथमिकताका साथ टुग्यांउने तयारी गरेको छ ।

## ह्वात्तै...

भइरहेको बताइएको छ । अध्यक्षका आकांक्षी भुवनसिं गुरुङले एशोसिएसनका तर्फबाट विगतमा आफ्नो नाममा गरेको अध्यक्ष उम्मेदवारको निर्णय यथावत् राख्नुपर्ने र नराखिए छुट्टै प्यानल बनाउने एशोसिएसन पदाधिकारीलाई जानकारी दिएको स्रोतले बतायो ।

एशोसिएसनबाट प्रथम उपाध्यक्षमा किशोर केसी, द्वितीय उपाध्यक्षमा जंग बहादुर ईजम, तृतीय उपाध्यक्षमा संजय पनेरु, महासचिवमा अमर तिवारी र मेघनाथ भुर्तेल, सचिवमा कर्ण कटुवाल, विक्रम श्रेष्ठ, नवीन पोखरेल, प्रकाश बोहोरा, हर्क लिम्बूलगायतले आ-आफ्नो सर्कलमा प्रचार गरिरहेका छन् ।

बिहीबार ५ बजेसम्म उमेदवारको निवेदन दिने समय रहेकोले त्यतिन्जेल हाल चर्चामा नरहेका व्यवसायी पनि आउन सक्ने आंकलन गरिएको छ । यसअघि एशोसिएसन निर्वाचनमा फरक ढंगको माहोल बनेको थियो । उम्मेदवारी चयनमा सबैलाई नमिलाए संघको निर्वाचनमा त्यस्तै अवस्था देखिन सक्ने कतिपयको भनाइ छ ।

उता प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले संघको निर्वाचनका लागि नयाँ समीकरण बनाउने गृहकार्य जारी राखेको बताएको छ ।

संघको निर्वाचनमा नेपाली कांग्रेस निकट एशोसिएसन, एमाले निकट प्रगतिशील मञ्च नेपाल, नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्च, नेकपा एकीकृत समाजवादी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, संघीय समाजवादी पार्टी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघ, महिला वैदेशिक रोजगार व्यवसायी संघ र जातीय तथा क्षेत्रीय भेगीय संस्थाहरु निर्णायक हुने गरेका छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार रहँदासम्म प्रगतिशील मञ्च र महिला व्यवसायी संघ बाहेक अन्य संस्था एशोसिएसनको नेतृत्वमा गठबन्धन गरेर संघ कार्यसमितिको निर्वाचनमा जाने योजनामा थिए । तर केन्द्रीय राजनीतिमा जस्तै अहिले संघको राजनीतिमा पनि परिवर्तन आएको छ । यसपटक दलीय आवद्धताको आधारमा मतदान नगर्ने भन्दै कतिपय व्यवसायी योग्य उम्मेदवार जो आएपनि व्यवसाय बचाउन मतदान गर्नुपर्ने धारणा राखेर लविङ गर्न शुरुवात गरेका छन् ।

सरकारमा भएको फेरबदल र नयाँ गठबन्धनसँगै संघको आगामी निर्वाचनमा पनि बदलिएको राजनीतिक परिवेश अनुसारको गठबन्धन बनाउने र त्यसको नेतृत्व एमाले निकट मञ्चले गर्ने अध्यक्ष राजेन्द्र भण्डारीले मध्यान्हलाई बताए ।

वैदेशिक रोजगार व्यवसायी एकीकृत संगठनले संघका पूर्व प्रथम उपाध्यक्ष ज्ञानप्रसाद गैरको नेतृत्वमा गठबन्धनका आधारमा जाने भन्दै उम्मेदवार सार्वजनिक गरेको छ । निर्वाचन परिचालन समिति संयोजक कमल सापकोटाका अनुसार प्रथम उपाध्यक्षमा सन्त कुमार लामा, वाई बि राई, तिलाप्रसाद काप्री, द्वितीय उपाध्यक्षमा अर्जुन सापकोटा, चन्द्रजंग पाण्डे र मीनप्रसाद गोले, तृतीय उपाध्यक्षमा नवराज लुईंटेल र आनन्द कुमार कोइराला, महासचिवमा मधुकर रिजाल र सुरज घुण्डे गुरुङमध्ये एक जनालाई उम्मेदवार बनाउन चाहेको छ ।

त्यसैगरी सचिवमा मोहन स्याङ्वा, अनिल बोगटी र दिलिप भण्डारीमध्ये एक, कोषाध्यक्षमा सरस्वती सुवेदी, अञ्नुला कुमारी यादव र भावना गजुरेलमध्ये एक उम्मेदवार हुने सापकोटाले बताए । संगठनका तर्फबाट दश जना सदस्यमा टक्कर पाख्रिन, निरज ज्ञवाली, ब्रम्हदेव यादव, गणेश कुँवर, कामेश्वर साह (राहुल), शिवबहादुर कुँवर, फिरोज खान, अनन्त शर्मा, सरोज कुसवाह, राधामोहन प्रसाद जैसवाल, रामप्रसाद नेपाल, हेमराज (सुमन) श्रेष्ठ, सन्दीप पुडासैनी, राजेन्द्र घिमिरे, रोहित दुलाल, सुर्यकुमार चौधरी र मानबहादुर बि.क.सहित १७ जनाको नाम सार्वजनिक गरेको छ ।

प्रगतिशील मञ्चको तर्फबाट मञ्चका अध्यक्ष राजेन्द्र भण्डारी पूर्वअध्यक्ष नरेश गेलाल र पूर्वउपाध्यक्ष मुक्तिनाथ अधिकारी र पूर्वसचिव सुवर्ण श्रेष्ठले आकांक्षा देखाएका छन् । प्रथम उपाध्यक्षमा चैतन्य तुम्बाहाम्फे, शुक्र पाख्रिन, मञ्चका महासचिव जनक रावल, पूर्वमहासचिव डिकबहादुर खत्री (कुमार) र गोविन्द कटुवालले चाहना राखेका छन् । खत्रीले प्रथम वा महासचिवमध्ये एकमा उठ्न चाहेको बताइएको छ । द्वितीय उपाध्यक्षमा राम कुमार राई, हरिश कुँवर, हरि ठाडामगर, दलबिर भण्डारी र सरिता घले, तृतीय उपाध्यक्षमा राजेन्द्र अधिकारी, मिलन कट्टेल, सुशील केसी, मदन पौडेल र देउमान नेम्वाङ, सचिवमा सोम लामा, सञ्जु गुरुङ, डन्डपाणि भट्टराई (दिलिप), सुर्य डाँगी र रोशन कटुवाल तथा कोषाध्यक्षमा तेजमाया लिम्बू र धनमाया सिञ्जालीले चाहना राखेको बताइएको छ ।

सदस्यमा शिवहरि मैनाली (शित्तल), विनोद खनाल, दिपक आचार्य, रोहन पौडेल (जनक), सुकबहादुर गुरुङ, राजेन्द्र कुमार पराजुली, उमेस महतो, आङछिरिङ शेर्पा, हरि डाँगी, अनिल राई, आनन्द कुमार कोइराला, राजेन्द्र बस्नेत, ध्रुव रिजाल, अमृत बिश्वकर्मा, मोहन प्रसाद आचार्य र तिर्थराज काफ्ले लगायत आकांक्षी देखिएका छन् । तर निर्णय भने एक-दुई दिनमा हुने बताइएको छ ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जी दिमदोङले विगतमा पनि एक खालको गठबन्धनको स्वरुप तयार गरिएको र सम्मानजनक प्रतिनिधित्वको आधारमा सोही गठबन्धन चुनावमा जानुपर्ने बताए । संघको २९ औं साधारण सभा र निर्वाचन आगामी माघ ६ गते शुक्रबारका लागि तोकिएको छ ।


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**भेरी प्राविधिक शिक्षालय**

नेपालगञ्ज, बाँके

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति : २०७९।०९।२१ गते)

यस कार्यालयबाट मिति २०७९।०८।१३ गतेमा मध्यान्ह राष्ट्रिय दैनिकमा बोलपत्र आव्हान गरिएको सूचना बमोजिम तोकिएको म्यादभित्र प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्र सारभूत रूपमा प्रभावकारी रहेको हुँदा उक्त बोलपत्रको स्वीकृतको लागी छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कबोल अंक (मु.अ.कर, पि.एस. र कन्टिन्जेन्सी) |
|---|---|---|---|---|
| १. | BTS/NCB/079/080-01 | Roof Truss Building at top of the main building | S.P. Nirman Sewa Rambag 17 Nepalgunj, Banke | 2408907.44 |

शिक्षालय प्रमुख



**गेरुवा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

पशुपतिनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०९/२१)

गेरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर, बर्दियाले तपशिलको मितिमा आह्वान गरेको तपशिलका ठेक्काहरुको लागी पर्न आएका तपशिल बमोजिका बोलपत्रहरुको मूल्याँकन गर्दा यस कार्यालयको तपशिलका मितिहरुको निर्णय अनुसार तपशिलका बोलपत्र दाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मुल्याँकीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ को उप नियम (६) बमोजिम सम्बन्धीत सबैको जानकारीको लागी सो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | ठेक्का नं. | बोलपत्र आह्वानको सूचना प्रकाशन मिति | पेश भएको बोलपत्रको संख्या | सारभूतरुपमा प्रभावग्राही दर भाउपत्रदाताको नाम, ठेगाना | निर्णय मिति | कबोल अंक रु. (भ्याट बाहेक र डिस्काउन्ट तथा पि.एस.समेत) |
|---|---|---|---|---|---|---|
| १. | W/GRM/NCB/12/ 2079-080 | २०७९/०७/२५ | ३ (तीन) | KRISHNASAR NIRMAN SEWA GERUWA 5 BARDIYA | २०७९/०९/०७ | ३१,९९,५१२।९५ (एकतिस लाख उनान्सय हजार पाँचसय बाह्र रुपैंया र पैसा पन्चानब्बे मात्र) |
| २. | W/GRM/NCB/13/ 2079-080 | २०७९/०७/२५ | ३ (तीन) | KRISHNASAR NIRMAN SEWA GERUWA 5 BARDIYA | २०७९/०९/०६ | २९,८३,९४१।४७ (उन्तीस लाख त्रियासी हजार नौ सय एकचालिस रुपैंया र पैसा सड्चालिस मात्र) |
| ३. | W/GRM/NCB/14/ 2079-080 | २०७९/०७/२५ | ३ (तीन) | KRISHNASAR NIRMAN SEWA GERUWA 5 BARDIYA | २०७९/०९/०३ | ६७,६४,३१८।५० (सड्सठ्ठी लाख चौसठ्ठी हजार तीनसय अठार रुपैंया र पैसा पचास मात्र) |
| ४. | W/GRM/NCB/08/ 2079-080 | २०७९/०७/२३ | ३ (तीन) | Y.S. CONSTRUCTION AND SUPPLIERS GERUWA 4, BARDIYA | २०७९/०९/०८ | ३६,४१,१७२।०२(छत्तिस लाख एकचालिस हजार एकसय बहत्तर रुपैंया र पैसा दुई मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



**सूचना ! सूचना ! सूचना !**

**द पाँपुलर टाइम्स मासिक पत्रिका जि.प्र.का द.नं. २८२/०६९/०७० मा** दर्ता भएको पत्रिका मिति २०७३/०४/२९ गतेदेखि बन्द भएको हुँदा यस पत्रिकासँग कुनै कारोबार भएमा सूचना प्रकाशित भएको मितिबाट सात दिनभित्र सम्पर्क गर्नुहुन अनुरोध छ । यस संस्थाको कारोबार बन्द हुँदा (पान) नम्बर पनि बन्द गर्नुपर्ने भएको हुँदा पत्रिकासँग कुनै लेनदेन वा कुनै दायित्व भए बन्द हुने जानकारी गराउँदछौं ।

सम्पादक/प्रकाशक
रेखा यादव

ठेगानाः ललितपुर म.न.पा. वडा नं. ४, फोन नं.: ०१-५१५३२६६



**आशुतोष ईनर्जी लिमिटेड**

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)

कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं

फोनः ०१-४४४२७८२ । ईमेलः aashotosh.energy@gmail.com

**५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित २०७९/०९/२१

**श्री शेयरधनी महानुभावज्यूहरु,**

यस आशुतोष ईनर्जी लिमिटेडको मिति २०७९/०९/१८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको ५ औं वार्षिक साधारण सभा तपसिलबमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : **२०७९ साल माघ २० गते शुक्रबार तदनुसार सन् २०२३ फेब्रुअरी ३)**
**समय** : **दिनको ठिक ३:०० बजे ।**
**स्थान** : **लिसरा रिसेप्सनस् प्रा.लि., भगवति बाहल, नक्साल, काठमाण्डौं ।**
: **(Lisara Receptions Pvt. Ltd., Bhagawati Bahal, Naxal, Kathmandu)**

**छलफलका विषयहरुः**

**(क) साधारण प्रस्तावः**

१. सञ्चालक समितिको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल अध्यक्षज्यूद्वारा सभामा छलफलको लागि प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित वित्तिय विवरणहरु (संलग्न अनुसुचीहरु लगाएत) छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७९/८० का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । **(लेखा परीक्षक श्री बि.बि. जोशी एण्ड एशोशिएट्स चार्टड एकाउण्टेन्टस् पुनः लेखा परीक्षक नियुक्तीको लागि योग्य देखिन्छ । )**
४. आ.व.२०७८/७९ मा संचालकहरुको बैठकभत्ता लगाएतका सुबिधाहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. संचालक समिति बैठक भत्ता निर्धारण गरी पारित गर्ने सम्बन्धमा ।
६. संचालक समितिको निर्वाचन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावः**

१. नियमन निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपध तथा नियमावलीमा शंशोधन गर्नंपर्ने अवस्था आईपरेमा प्रबन्धपध तथा नियमावलीमा आवश्यक शंशोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धि अन्य जानकारीहरुः**

१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरिसक्नुपर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ ।
२. मिति २०७९/१०/०१ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
३. छलफलका विषयसूची मध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धि प्रस्ताव कारण सहित उल्लेख गरि प्रमुख कार्यकारी अधिकृत मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।
४. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ । कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्न हुन अनुरोध गरिन्छ ।
५. सञ्चालक समिति निर्वाचन सम्बन्धि सम्पूर्ण सूचना एवं जानकारीहरु कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
६. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा फोन नं. ९८५१३२२७९२ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले,**
**प्रमुख कार्यकारी अधिकृत**

# नगरप्रहरी भर्नाको विज्ञापन बदर गर्न माग

मान बहादुर विश्वकर्मा/मध्यान्ह
कालीकोट, २० पुस



रास्कोट नगरपालिकाले नगरप्रहरी भर्नाका लागि खुला गरेको विज्ञापन रद्द गर्न दलित अधिकारकर्मीहरुले माग गरेका छन्। खुल्ला कोटामा समावेशी उम्मेदवारले प्रतिस्पर्धा गर्न रोक लगाएको विषयमा आफ्नो गम्भीर ध्यानाकषर्ण भएको भन्दै उनीहरुले नगरप्रहरी भर्नाको विज्ञापन पूर्ण रुपमा बदर गर्न माग गरेका छन्।

बुधबार जिल्लास्थित दलित अधिकारकर्मीहरुको टोलीले कालीकोटका प्रमुख जिल्ला अधिकारी रामहरी शर्मालाई भेटेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई सम्बोधन गर्दै ज्ञापनपत्र पेश गरी यस्तो माग गरेका हुन्।

रास्कोट नगरपालिकाले गत मंसिर १८ गते आह्वान गरेको प्रहरी भर्ना सम्बन्धीको विज्ञापनका विषयमा जनस्तर तथा कानूनविज्ञहरुबाट प्रश्न उठेपछि अधिकारकर्मीहरुले विज्ञापन रद्द गर्न माग गरेका हुन्।

दलित अधिकारकर्मी बाले विश्वकर्मा, रमेश सुनार, कर्ण विश्वकर्मालगायतका अधिकारकर्मीहरुको अगुवाईमा जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापनपत्र बुझाएका हुन्। 'नगर प्रहरी ऐन नबनाई प्रहरी भर्ना आवेदन खोलेको विषयमा उच्च अदालत सुर्खेतमा मुद्दा विचाराधिन अवस्थामा रहेको स्मरण गर्दै कुनै व्यक्तिको निश्चित स्वार्थसिद्ध हुने गरी फेरि पनि समावेशी कोटामा प्रतिस्पर्धा गर्ने उम्मेदवारलाई खुल्ला कोटामा लड्न नपाइने विज्ञापन खोलिएकाले यो कानून त अवैधानिक र अनियमित भएकाले खारेजको माग गर्दछौं' विज्ञापनमा भनिएको छ।

नगरप्रहरीको खुल्ला विज्ञापनको कुल १५ जनाको ठाउँमा ८ जनाको खुल्ला कोटा, ३ जना महिला कोटा, २ जना दलित कोटा र २ जना शहीद तथा बेपत्ता परिवार कोटा कायम गरिएको भएपनि त्यसभित्रको खुल्ला कोटाको ८ सिटमा २५ जनाले आवेदन दिएको र त्यो आवेदनमा एक जना पनि महिला वा दलित उम्मेदवारको नामावली नभएको अधिकारकर्मीहरुले औंल्याएका छन्।

अधिकारकर्मीहरुले सरकारले लागू गरेको समावेशी समानुपातिक प्रणालीकोसमेत ठाडो उल्लंघन हुने गरी समावेशी उम्मेदवारलाई खुल्लाबाट लड्न प्रतिबन्ध गरिएको भन्दै यो कार्य सन्तोषजनसमेत नभएकाले तुरुन्त खारेज गर्न उनीहरुले माग गरेका छन्। समाजको उपेक्षित र अपहेलि लिङ्ग र जातिको रुपमा महिला र दलित समूदायलाई लिने गरिएको र राज्यको हरेक निकायमा यो लिङ्ग र जाति पुग्न नसकेको ज्ञापनपत्रमा उल्लेख गर्दै अधिकारकर्मीहरुले नेपालमा लिङ्गीय, जातीय र क्षेत्रीय समस्या हल गर्न राज्यका निकायमा सबैलाई पुर्याउने उद्देश्यले राज्यले समावेशीताको नीति अख्तियार गरेको जनाएका छन्। ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी शर्माले नेपाल सरकारसँग यो विषय तुरुन्त पठाउने जानकारी दिए।

# बागमतीमा सभामुख र उपसभामुखको उम्मेदवारी दर्ता पुस २८ मा

**बागमती/मस**–बागमती प्रदेश सभाको सभामुख र उपसभामुख पदको निर्वाचनको लागि यही पुस २८ गते बिहान उम्मेदवारी दर्ता गर्न समय निर्धारण गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ। सभामुख र उपसभामुख पदको निर्वाचनको कार्यसूची अनुसार, पुस २८ गते बिहान १०:३० बजेदेखि २ बजेसम्म आ-आफ्नो उम्मेदवारी दर्ता गर्ने समय निर्धारण गरिएको छ।




यसैगरी, उक्त दिनको २:३० बजेदेखि ३:३० बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ। यसैगरी, सोही दिनको अपरान्ह ४ बजेभित्र सभामुख र उपसभामुख पदको उम्मेदवार दर्ता गरिएको अन्तिम नामावलीको सूची प्रकाशन गर्ने कार्यतालिका रहेको प्रदेशसभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले जानकारी दिए।

सभामुख र उपसभामुख पदको उम्मेदवारी निर्विरोध भएमा वा मतदान गर्नुपरेमा पुस २९ गते दिनको ११ बजे प्रदेश सभाको बैठक बोलाइएको छ भने सोही दिन चुनावी परिणाम घोषणा गर्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका प्रमुख सचिव कृष्णहरि खड्काले बताए।

बागमती प्रदेश सभामा अहिले नेपाली कांग्रेसको ३७, नेकपा (एमाले)का २७, नेकपा (माओवादी केन्द्र) का २१, राष्ट्रिय प्रजातन्त्र पार्टीका १३, नेकपा (एकीकृत समाजवादी)का सात, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई गरी एक सय १० जना प्रदेश सभाका सदस्य छन्।

# कृषिलाई व्यवसायमूलक बनाउन आग्रह

कमल खड्का/मध्यान्ह
रोल्पा, २० पुस



व्यवसायिक ताजा तरकारी खेती प्रविधि सम्बन्धी पालिका स्तरीय तालिम बुधबारबाट शुरु भएको छ। तालिम ३ दिनसम्म सञ्चालन हुनेछ। रोल्पाको रुन्टीगढी गाउँपालिका कृषि शाखा आयोजनामा तालिम शुरु भएको हो। तालिममा रुन्टीगढी गाउँपालिका भरिका विभिन्न कृषि समुहका कृषकहरु उपस्थिति रहेको छ। तालिममा बोल्दै गाउँपालिका अध्यक्ष जनक पुनले कृषि पेशा नेपालमा जीवन निर्वाहमुखी पेशा मात्र भएको बताए। कृषि पेशालाई व्यवसायमुलक पेशा बनाउन यी यस्ता तामिमले महत्वपूर्ण भूमिका खेल्ने उनले बताए। तर त्यसको लागि कृषक नै जागरुक हुनुपर्ने उनको भनाइ छ। कृषि पेशालाई व्यवसायमूलक बनाउन चाहने कृषकलाई आवश्यक सहयोग गर्न गाउँपालिका तयार रहेको समेत उनले बताए। पालिकाका प्रमुख प्रशासकीय अधिकृत रेमन्त बहादुर डाँगीले कृषकहरु उत्पादन वृद्धिको आशाले ज्यादा विषादी प्रयोग गर्दै आएको बताउँदै विषादीयुक्त तरकारी प्रयोगले स्वास्थ्यमा प्रतिकुल असर पार्ने बताए। कतिपय कृषकहरुले स्वास्थ्यमा असर हुन्छ भन्ने कुरा जान्दा जान्दै पनि हामीले खाने होइनौं भनेर अत्याधिक विषादी प्रयोग गर्दै आएको उनले बताए।

विषादी प्रयोग गरेको तरकारी कुनै न कुनै ढंगबाट कृषक आफैंले पनि प्रयोग गर्दै आएको उनले बताए। वर्षातको समयमा तरकारी बाहिर बेचे पनि हिउँदको समयमा किनेर खाने हुँदा विषादीयुक्त तरकारी किसानले समेत खाने गरेको उनले बताए। त्यसकारण कृषकले विषादी कम गरेर उत्पादन गर्न सके राम्रो हुने उनले बताए। सकभर अर्गानिक तरकारी उत्पादन गर्न तिर लागे उचित हुने उनले बताए।

# संसदको सचिवमा डा. पाण्डे



**काठमाडौं/मस**– संघीय संसद् सचिवालयका सहसचिव डा.रोजनाथ पाण्डे सचिवमा बढुवा भएका छन्। संसद् सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको आजको बैठकले उनलाई सचिवमा पदोन्नति गर्ने निर्णय गरेको हो।

उक्त समितिमा हाल राष्ट्रियसभा अध्यक्ष, सचिवालयका महासचिव र सचिवालयकै तीन जना सचिव रहेका छन्। त्यसअघि लोकसेवा आयोगको बढुवा समितिले उनलाई सचिवमा बढुवाका लागि सिफारिस गरेको थियो। उनी हाल लेखा समितिको सचिव, प्रशासन महाशाखाका प्रमुख एवं प्रवक्ताको जिम्मेवारीमा छन्।

निजामती सेवामा विस २०६७ चैत २४ गते देखि उपसचिवबाट सेवा प्रवेश गरेका पाण्डे विसं २०७३ वैशाख २० गते खुला प्रतिस्पर्धाबाट संसद् सेवाको सहसचिवमा आएका थिए। नेतृत्व व्यवस्थापन विषयमा पिएचडी गरेका उनले त्यसअघि विश्वविद्यालय अनुदान आयोगमा कार्यक्रम अधिकृतका रुपमा पाँच वर्ष काम गरेका थिए।

# महावै गाउँपालिकामा गाडी पुग्यो

**कालिकोट/मस**–जिल्लाको महावै गाउँपालिका वडा नम्बर २ ओदामा ट्याक्टर पुगेको छ। दैलेखदेखि महावु डिल्लीकोट हुँदै बुधबार महाबैको ओदामा ट्याक्टर पुगेका हुन्। गाउँपालिका अध्यक्ष खेमबहादुर सिंहले सडकको अनुगमन गर्दै सिँधै ओदामा ट्याक्टर पुगेको बताए। अब मालसामान ढुवानीका लागि सहज हुने अध्यक्ष सिंहको भनाइ छ।

उनका अनुसार अबको एक हप्ता पछाडि गाउँपालिकाको कार्यालय पदामघाटमा सडकको ट्र्याक खोलिनेछ। करिब ५ वर्षसम्म अगाडि बढ्न नसकेको ट्र्याक खोल्ने



काम पुरा भएपछि नागरिकले स्थानीय सरकारलाई धन्यवाद दिएका छन्।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७२/१२/२९ मा दर्ता भएको **दर्ता नं. १४७८४७ को जनसेवा ओरल एण्ड डेन्टल केयर सेन्टर प्रा.ली.** को मिति २०७९/०९/२० मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ को दफा २९ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. १८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

**भूल सुधार**

मिति २०७९/०९/१२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **UAE** को **4 STAR HOTEL** मा रोजगारको अवसर शिर्षकमा कम्पनी: **FLORA ALBARSHA HOTEL** र चलानी नं.: ६०१९३७७८ भएको विज्ञापनमा **LT. No.: 278249** हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ।

**SUCCESS**
**NEPAL HUMAN RESOURCE PVT. LTD.**
Sinamangal-09, Tara Hall Chowk, Kathmandu
Tel: 4110567, 9801320043, 9851188404, 9851126004
9868095048, 9745711824, 9749897692,

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**नाम परिवर्तन गरिएको सूचना**
**दोस्रो पटक प्रकाशित मिति २०७९/०९/२१**

यस कम्पनीको रजिस्ट्रार कार्यालयको मिति २०७४/०७/१४ गतेको निर्णयानुसार साविक कम्पनी **एस.डि.एम.स्मार्ट मिडिया प्रा.लि.**(प्रा.लि.न.१७५९४१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन कर दायित्व आदि परिवर्तित नामको **एस.एम.डि.स्मार्ट मिडिया प्रा.लि.(S.M.D.Smart Media Pvt.Ltd.)** ले सकार्ने ब्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।

**संचालक**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**ठेगाना परिवर्तन सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री Bridge Sky International Pvt. Ltd. (ई.प.नं. ५७३/०६२/०६३) काठमाडौं**ले साविक ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला, टोखा न.पा., वडा नं. ०७, काठमाडौं** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०२/०२ मा दर्ता भएको **प्रा.लि. नं. ३९४७७** को **एव्रोड ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०९/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/२१**

**जंगल नेपाल रिसोर्ट प्रा.लि.** को मिति २०७९/०८/१५ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बाटिका रिसोर्ट सौराहा प्रा.लि. (प्रा.लि.नं.: ८५५५)** कायम गर्ने गरी मिति २०७९/०७/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सिरीजङ्घा गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**तेल्लोक, ताप्लेजुङ**
**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**
**सूचना प्रकाशित मितिः २०७९।०९।२१**

यस कार्यालयबाट तपसिलमा उल्लिखित ठेक्का सम्वन्धी सूचना बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भए अनुसार तपसिलमा उल्लिखित बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताब सारभूतरुपमा प्रभाबग्राही देखिएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बिबरण | ठेक्का नं. | ठेक्का प्रकाशित मिति | आर्थिक प्रस्ताव खीलिएको मिति | सारभूतरुपमा प्रभाबग्राही भएको बोलपत्रदताको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (भ्याट तथा पि. एस. सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Supply & Delivery of HDPE Pipes for Prakop Byabasthapan. | NCB/Goods/SRM/03/2079/080 | 2079/08/12 | 2079/09/13 | श्री रिजालको फेनोलेक्स पोलिपार्क ईण्डष्टिज प्रा. लि. मोरङ। | रु. २२,७६,९५६.५९ | |

**प्रमुख प्रशासकीय अधिकृत**

**Office of the Municipal Executive**
**Madhyabindhu Municipality**
**Invitation for Bids for procurement of Medicine**
**Contract Identification No :05/MBMG/Goods/079/80**
**First Date of Publication: 2079-09-21**

1. The Government of Nepal (GoN) has allocated funds to Madhyabindu Municipality for Medicine and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of Medicine. Bid is open to all eligible Nepalese Bidders.
2. The Madhyabindu Municipality invites bid from registered Suppliers or manufactures for supply of Medicine. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhyabindu Municipality or www.bolpatra.gov.np/egp.
4. The name and identification of the contract are as follows:
5. if the last date of purchasing submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents / bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 05/MBMG/Goods/2078/79 | Procurement Of Medicine | NCB | 2840316 | 3000/- | 75,000/- | 90 days/ 120 days after bid opening | 2079-10-22 12.00 | 2079-10-22 14.00 |

**Chief Administrative Officer**

## सम्पादकीय

### बद्नामी सहने, सत्ता मोह नत्यागने !

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले राष्ट्रिय सहमतिको सरकार बनाउनुपर्ने सार्वजनिक अभिव्यक्ति दिएका छन् । नवनिर्वाचित प्रधानमन्त्री पुष्पकलम दाहाल प्रचण्डले विश्वासको मत लिन बाँकी रहँदै कांग्रेस नेता पौडेलले दिएको यस्तो अभिव्यक्तिलाई चासोका साथ हेरिएको छ । किनकि गत आमचुनावबाट कुनैपनि दललाई एकल बहुमत प्राप्त भएको छैन, सात दल र स्वतन्त्र सांसदहरूको समेत समर्थनमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका छन् । माओवादी केन्द्रसँग ३२ सिट मात्रै रहेकाले संसदको विश्वास पाउनु अन्य दलका सांसदहरूको मत आवश्यक छ । विशेषगरी ७९ सिट सहितको दोस्रो ठूलो दल एमालेको विश्वास प्रचण्डका निम्ति सवैभन्दा बढी आवश्यकता छ । त्यसबाहेक राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाको मत पाउनुपर्ने उत्तिकै आवश्यक छ ।

तर सत्ता साझेदार दलहरूबीच भागबण्डामा कुरा मिल्न सकिरहेको छैन । प्रधानमन्त्री प्रचण्डले आठ सदस्यीय मन्त्रिपरिषद् गठन गरेपनि आफूसहित तीन उपप्रधानमन्त्रीको मात्रै विभागीय मन्त्रालय तोकिएको छ । बाँकी दलहरूमा भागबण्डा मिल्न नसकिरहेका बेला कांग्रेस नेता पौडेलको अभिव्यक्तिले राष्ट्रिय राजनीतिमा ठाउँ पाइरहेको छ । पौडेलको अभिव्यक्तिमा थप बल पुग्नेगरी कांग्रेस प्रवक्ता डा.प्रकाशशरण महतले पनि प्रचण्ड नेतृत्वको सरकार धेरै समय नरहने बताएका छन् । अहिलेको सत्ता गठबन्धन अप्राकृतिक भएकाले चाँडै भत्कने उनको अभिव्यक्ति थियो । कांग्रेसका नेताहरू त संघमा मात्रै सत्ता गठबन्धनको सरकार बनेको, तर प्रदेश सरकार नबन्ने समेत बताउन थालेका छन् । जसरी कांग्रेसबाट माओवादीलाई अलग गरेर संघीय सरकार बन्यो, त्यसरी नै प्रदेशमा कांग्रेसले सरप्राइज दिने उनीहरूको दावी छ ।

सत्ता गठबन्धनमा भइरहेको असहमति र कांग्रेस नेताहरूको अभिव्यक्तिले फेरि पनि राजनीति स्थायित्व कायम नहुनेमै आशंका पुग्छ । त्यसैपनि संसदको समीकरणले राजनीतिक स्थीरताप्रति ढुक्क हुने स्थिति छैन । रास्वपा, राप्रपा, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी जस्ता शक्तिको बलियो उपस्थितिले हङ पार्लियमेन्ट बनेको छ । पुराना दलहरूलाई नोक्सान पुग्नेगरी नयाँ शक्ति उदाउनुमा नेताहरूमा देखिएको अति सत्ता मोह एक प्रमुख कारण थियो । जनादेश प्रष्ट थियो, नसुध्रिने हो भने दलहरूले ठूलो क्षति बेहोर्नुपर्नेछ । तर सत्ता निर्माण भइरहँदा भने ताजा जनादेशलाई समेत ध्यान दिएको देखिएन । संघ र प्रदेश सरकारबारे भइरहेको गृहकार्यको अर्थ नेताहरूमा सत्ता मोह कायमै छ ।

# ओली–दाहाल एकताको अर्थ

अग्रलेख




● विष्णु पन्त

### आश्चर्यजनक एकता

राजनीतिमा एकता वा विभाजन निरपेक्ष हुँदैनन् । घटनाक्रम र परिस्थितिअनुसार शक्तिहरुबीच दुरी कायम हुने हुन्छ । परिस्थितिमा आएको फेरबदलअनुसार आफू र आफ्नो शक्तिलाई अगाडि बढाउने क्षमतालाई महत्वका साथ हेरिन्छ । हालै सम्पन्न संसदीय चुनावपछि संसदीय राजनीतिमा नयाँ परिवर्तन देखापऱ्यो । चुनावी परिणामले पुरानै सत्तागठबन्धनलाई बहुमत दिए पनि पहिलो कार्यकालको प्रधानमन्त्री को भन्नेमा विषय विवाद बढ्यो । नेपाली कांग्रेसभित्र माओवादी विरोधी दबाब अलि बढ्यो । यस्तो अवस्था बन्यो कि शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डबीच सहमति भएपनि एउटा समूहले नमान्ने जस्तो अविश्वसनीय वातावरण देखापऱ्यो । हुँदा-हुँदा त प्रधानमन्त्री र राष्ट्रपति दुवै नेकालाई नै सुरक्षित गर्ने खेल सुरु भयो । यही परिस्थितिको लाभ उठाउने रणनीति एमाले अध्यक्ष केपी ओलीले लिए । प्रचण्डलाई प्रधानमन्त्री बनाएरै भएपनि अरु महत्वपूर्ण पदहरु लिने रणनीतिमा एमाले देखियो । संगठनात्मक हिसाबले एमाले सबैभन्दा ठूलो दल भएर पनि विरोधी गठबन्धनका कारण उसले ठूलो क्षति व्यहोर्नुपरेको पीडालाई सच्याउने यो नै अन्तिम मौका थियो । उता माओवादी केन्द्र र पुष्पकमल दाहालका लागि पनि यो एउटा अन्तिम र निर्णायक समय थियो । आलोपालोमा दोस्रो कार्यकालका लागि उनले पर्खने दुस्साहस गर्नु हुँदैन्थ्यो । स्वार्थका हिसाबले ओली र दाहाल पुनः एकताको अवस्थामा पुगे । बाम एकताको पक्षमा चर्को दबाब एकातिर छँदै थियो भने अर्कोतिर वैदेशिक अन्तरविरोधका हिसाबले पनि यो जरुरी थियो । परिस्थितिको अध्ययनमा ओली र दाहाल उत्कृष्ट ठहरिए । घटनाक्रमले उनीहरु सँगै हुने परिस्थिति बन्यो ।

रोचक विषय त के भयो भने ठूलो घटनाक्रम फेरबदल हुँदै गर्दा ओली र दाहालबीच एकताको सम्भावनालाई कांग्रेसीहरुले अनुमानसम्म गर्न सकेनन् । ठूलो दल भएपछि नेपाली कांग्रेसभित्र देउवाविरुद्ध अलि ठूला विद्रोह भए । संसदीय दलमा दलको नेताका लागि गगन थापाले लडे र युवाहरुको ध्यान केन्द्रीत गरे । उनीहरुले देउवाविरुद्ध संस्थागत विद्रोह गर्ने योजना बनाए । यही अविश्वसनीय र तरल वातावरणलाई एमाले अध्यक्ष ओलीले चुक्ता गरे । उता गतिशील र चतुर दाहाल पनि यही संकेतको प्रतिक्षामा थिए । यो मौका वा अवसर आउँछ भन्नेमा दाहाल विश्वस्त थिए । संसदभित्रका सबैको मनोविज्ञान अध्ययन गर्नमा तीन वटै नेता अब्बल छन् । अघिल्लो पटक सत्ताको उन्मादमा ओली चुके भने यसपाली देउवा चुके । दाहाललाई पहिलो प्रधानमन्त्री भएको भए गठबन्धन टुट्दैन्थ्यो । सायद, त्यही निष्कर्षलाई ओलीले प्रयोग गरे । खासमा सत्ताको लडाईं, प्रतिस्पर्धा वा टक्कर त एमाले र कांग्रेसबीच नै छ र थियो । यही अन्तरविरोधमा माओवादी केन्द्र निर्णायक बनिरहेका छन् । परिस्थितिलाई आफ्नो काबुमा राखिराख्ने दाहालको कला वा क्षमता अद्भूत सावित भयो । उनी प्रधानमन्त्री मात्रै बनेनन् बाम गठबन्धनसमेत बनाउने अवस्था बन्यो ।



> *संसदीय चुनावपछि संसदीय राजनीतिमा नयाँ परिवर्तन देखापऱ्यो । चुनावी परिणामले पुरानै सत्तागठबन्धनलाई बहुमत दिए पनि पहिलो कार्यकालको प्रधानमन्त्री को ? भन्नेमा विवाद बढ्यो । शक्ति बाँडफाँटमा विवाद आउँदा सत्ता समीकरण नै फेरबदल हुने अवस्था बन्यो । आज जुन समीकरण बनेको छ, यो केही अस्वभाविक छ तर जनताको पक्षमा केही काम गर्ने सम्भावना पनि उत्तिकै छ ।*

### सत्तामा नयाँ शक्ति

आज सत्ता समीकरणमा पुरानै शक्ति मात्रै नभई नयाँ शक्तिहरुको पनि आगमन भएको छ । राष्ट्रिय राजनीतिमा रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको अनौठो उदय भएको छ । चुनावमा एक्लै लडेको भएपनि उसले निकै उत्साहजनक मत ल्यायो । एक दशक युद्ध लडेको आएको माओवादी केन्द्रले ल्याए जति मत उसले समानुपातिकबाट प्राप्त गऱ्यो । वर्तमान सत्ता गठबन्धनमा एकाएक रवी लामिछानेको प्रवेश त्यो पनि उपप्रधान तथा गृहमन्त्रीको रुपमा हुँदा सबैलाई आश्चर्य चकित पारेको छ । उता अस्ताईसकेको राष्ट्रिय प्रजातन्त्र पार्टी पनि राष्ट्रिय राजनीतिमा फेरि पुनर्जागित भएर आएको छ । आज सत्तामा रास्वपा र राप्रपा दुवै पार्टी जाँदैछन् । रवि लामिछाने उपप्रधानसहित गृहमन्त्रीको जिम्मेवारीमा गएका छन् । उनीहरुको आगमनले केही उत्साह पनि भरेको त छ नै उनीहरुका भूमिका कस्तो होला भन्ने प्रश्नहरु पनि उठाएको छ । उनीहरुका मन्त्रीहरु बद्नामित भएर निस्केलान् वा लोकप्रीय भएर त्यो अनुमानको विषय मात्र हो । जे होस् ताजा पार्टी र व्यक्तिलाई मन्त्री बनाउनु प्रचण्डको लागि राम्रो अवसर हो । रवी लामिछानेहरुले आफ्नो लोकप्रियताको लागि गर्ने काम र प्रचारबाजीले अन्ततः प्रचण्ड सरकारको सफलतालाई नै प्रतिबिम्बित गर्नेछ ।

### ओली-दाहाल फेरि नजिक

नेपालमा वाम एकताको एउटा समस्या छ, त्यो हो : माली को बन्ने भन्ने लडाईं । नेतृत्वमा आफुँ भए ठिक नत्र सबै बेठिक । सहकार्य, सहअस्तित्व र आलोपालो वा शक्ति बाँडफाँटलाई व्यवस्थित गर्न सके मात्र यो समस्याको समाधान हुन्छ । मिल्नु थियो भने ओली र दाहाल चुनाव अगाडि नै मिल्नु आवश्यक थियो । किनकी त्यसले नतिजा बेग्लै आउँथ्यो । यदि त्यसो भएको भए अहिलेको संसदमा रास्वपा र राप्रपा देखिने थिएनन् र नेका पनि सानो संख्यामा हुने थियो । यो बुद्धि र चेतना उनीहरुमा आएन । उनीहरुको गतिशीलता र चार्तुयताले पनि काम गरेन । यदि त्यसो भएको भए संसदीय अंकगणितमा उनीहरुको गुणात्मक परिवर्तन देखिन्थ्यो । तर, घटना बेग्लै भयो । अहिले उनीहरु एक ठाउँमा आएका छन् । यसलाई एउटा सिकाई पनि मान्न सकिएला तर, यसको पछाडि हारको कारण पनि हो । यदि माओवादी ठूलो शक्ति भएको भए वा एमाले बहुमत नजिक भएको भए यो सहकार्य सम्भव थिएन ।

### अन्तर्यमा आफुँ केन्द्रीत लडाईं

